२१. कृषि तथा पशुपन्छि विकास क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र  बजारीकरणका क्रियाकलाप संचालन गर्न आवश्यक बजेटको प्रस्ताव गरेको छु। किसानलाई दुग्ध उत्पादनका आधारमा अनुदान दिने व्यवस्थालाई शतप्रतिशत बृद्धि गरी बजेट प्रस्ताव गरेको छु । समग्रमा कृषि, पशुपालन तथा सिँचाईका लागि २ करोड ३७ लाख ७९ हजार बजेट प्रस्ताव गरेको छु।

## भवन, शहरी विकास र पूर्वाधार

२२. एडिवि, वर्ल्ड बैंक, दातृ निकाय, संघ प्रदेश सरकार सँगको सहकार्य, समन्वय र साझेदारीमा नगर क्षेत्र भित्रका भौतिक पूर्वाधार, सडक नाली तथा वहुउद्देश्यीय भवनको स्तरउन्नती गर्ने र  मंगलापुर कान्छिबजार सडक यसै आ.व मा सम्पन्न हुने गरि कार्य अघि बढेको छ। एडिबि सँगको सहकार्यमा ठुला भौतिक पूर्वाधार निर्माण कार्य अघि बढाउने गरी आवश्यक बजेट प्रस्ताव गरेको छु। समग्रमा भवन, शहरी विकास र पूर्वाधार विकासका लागि ९८ करोड ७१ लाख  बजेट बिनियोजन गरेको छु।

२३. वडा कार्यालयहरुको अधुरो वाउण्ड्रीवाल सम्पन्न गर्न, विभिन्न वडाहरुमा सभाहल, नगर प्रहरी आवास निमार्ण, कुञ्ज पार्क वाटर फाउण्टेन, ढाकेवास पर्यटन पूर्वाधार, मातृशिशु अस्पताल, खरको छानो

मुक्त नगरपालिका , एक वडा एक किलोमिटर सडक निर्माण कार्य समेतलाई आवश्यक बजेट विनियाजन गरेको छु ।

## वातावरण तथा विपद् व्यवस्थापन एवं सरसफाई

२४. तिलोत्तमा नगरपालिकालाई सुरक्षित समुन्नत र वातावरण मैत्री नगर बनाउन सिक्स लेन सडक सौन्दर्यीकरण, हरियाली प्रर्वद्धन, विपद स्वंम सेवक तालिम, आपतकालिन कार्य संचालन केन्द्रको व्यवस्थापन, उज्यालो तिलोत्तमा , विभिन्न पार्क तथा उद्यान निमार्ण, नदि कटान नियन्त्रण, करहिया बोटानिकल गार्डेन निर्माण, शव चिस्यान केन्द्र निमार्णको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## युवा, खेलकूद तथा मनोरञ्जन

२५. युवामैत्री स्थानीय शासन घोषणा, फुटबल, भलिवल तथा क्रिकेट कप आयोजना तथा खेलकुद पूर्वाधार निर्माण लगायतका लागि १ करोड ११ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

२६. नगर प्रमुख नवप्रर्वतन कार्यक्रम तथा नगर उप प्रमुख उद्यमशिलता विकास केन्द्रको प्रभावकारी सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२७. महिला, वालवालिका, जेष्ठ नागरिक, जातीय विभेद न्यूनीकरण, लैङ्गिक हिंसा न्यूनीकरण, समतामूलक समाज निर्माण र राज्यले अवलम्वन

